# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १३ गते २०३२ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण अधिकार ऐन, २०१७ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी धान, चामल, खाद्यान्न, दलहन र तेलहनका सम्बन्धमा श्री ५ को सरकारले सोही ऐनको दफा ३, ७ र ८ को उप–दफा (क), (ख) र (ग) बमोजिमको अधिकार देहायका क्षेत्रभित्र देहायका पदाधिकारीले प्रयोग गर्न पाउने गरी अधिकार दिएको छ ।

(१) अञ्चलाधीश कार्यालय रहेको जिल्लामा अञ्चलाधीशले र अञ्चलाधीश नभए सहअञ्चलाधीशले, सहअञ्चलाधीश पनि नभए सहायकअञ्चलाधीशले र सहायकअञ्चलाधीश पनि नभएमा सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले,

(२) मुस्ताङ, सोलुखुम्बु र ताप्लेजुङ्ग जिल्लाका उत्तरी सिमा प्रशासन क्षेत्रभित्र सम्बन्धित प्रशासकले,

(३) अञ्चलाधीश कार्यालय नरहेका जिल्लामा (उत्तरी सिमा प्रशासन क्षेत्रबाहेक) प्रमुख जिल्ला अधिकारीले ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।